CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #७९

११।८।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## होम आईसोलेशनमा बस्ने संक्रमितहरुलाई स्थानीय तह मार्फत "आईसोलेशन किट" उपलब्ध गराइने

### आईसोलेशन किट प्राप्त गर्ने लक्षित समुह:

गर्भवती महिला, ६० वर्ष माथिका व्यक्ति, दिर्घरोग भएका व्यक्तिहरु (मधुमेह, मुटुरोग, क्यान्सर, मृगौला सम्बन्धी समस्या, कलेजो सम्बन्धी समस्या, क्यान्सर प्रभावित व्यक्तिहरु)

### आईसोलेशन किटको सूची:

**मेडिकल मास्क**
*१४ दिनसम्म बिरामी र हेरचाह गर्ने व्यक्तिलाई गरी दैनिक ६ वटाका दरले ८४ वटा*

**१/१ वटा थर्मोमिटर र पल्स अक्सिमिटर**
*आईसोलेशन समय सकिएपछि सफा गरेर स्वास्थ्य संस्था वा तोकिएको स्वास्थ्यकर्मीलाई फिर्ता गर्नुपर्ने*

**संक्रमण रोकथाम तथा नियन्त्रण पर्चा र अस्पताल जानु पर्ने अवस्था सम्बन्धी पर्चा**
*१/१ थान*

**हात सफा गर्ने स्यानीटाईजर**
*२५० मिलिलिटरको १ बोतल*

**पारासिटामोल चक्की**
*४२ चक्की*

**टिस्यु पेपर र पञ्जा**
*१/१ बट्टा*

**स्वअनुगमन फारम**
*दिनको दुई पटक अनुगमन गर्ने*

स्रोत: https://drive.google.com/file/d/1HcOJ3rx41tYGzXuSObgO5LfKGDz6D5kR/view

## नेपाल अपडेट





काभ्रेको बनेपामा कक्षा १२ को परीक्षमा सहभागी हुने विद्यार्थीको ज्वरो परीक्षण गरिदै ।

तस्विर: केशवराज पौडेल

**परिक्षण**

पिसिआर परिक्षण: १७,००,०००
पोजेटिभ: २,२७,६४०
उपचाररत: १६,७९३
मृत्यु : १४१२
सन्चो भएका : २,०९,४३५






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



सरकारले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड ल्याएपछि अब कोभिड - १९ को रोकथामा खटिने कर्मचारीको जोखिम भत्ता पनि कटौती भएको हो ?

सार्वजनिक निकायमा कार्यरत सबै कर्मचारीले पोशाक खर्च, महंगी भत्ता र स्थानीय भत्ता साविक जस्तै पाउनेछन् । उनिहरुलाई प्रोत्साहन भत्ता, अतिरिक्त समयमा काम गरे बापतको भत्ता, जोखिम भत्ता, खाना वा खाजा खर्च लगाएतका भत्ता प्रदान नगरिने भने पनि, कोभिड - १९ को संक्रमण रोकथामको लागि प्रत्यक्ष रुपमा संलग्न भई अग्रपंक्तिमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीले भने सो भत्ता साविक जस्तै पाउनेछन् ।


स्रोत: https://cutt.ly/KhoAYmh



सरकारले दिने भनेको व्यवसायिक कर्जा पाउने योग्यता के हो ?

कोभिड - १९ बाट प्रभावित व्यवसायीले व्यवसायिक कर्जा पाउनेछन् । त्यस्ता व्यवसाय नेपाल सरकारको कुनै पनि निकायमा दर्ता भएको, नियमित नविकरण भएको र कर्मचारीको संख्या न्युनतम ५ जना भएको हुनु पर्नेछ । साथै आ.व. २०७६/०७७ को श्रावण देखी फागुन मसान्तसम्म नियमित ज्याला वा तलब भुक्तानी गरेको वा अग्रिम आयकर कट्टी गरी दाखिला गरेको हुनु पर्नेछ । पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण भएको र करचुक्ता प्रमाणपत्र लिएको हुनुपर्ने र कर्मचारीको तलब बैंक खातामा जम्मा गरी भुक्तानी दिने गरेको हुनु पर्नेछ ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/2020/11/wages-and-salary-compensation-manual-2077.pdf



अहिले ८५ प्रतिशत भन्दा बढी कोरोना संक्रमित होम आईसोलेशनमा बसेका छन् भनिएको छ । उनिहरुको निगरानी तथा रेखदेख गर्नबाट सरकार पन्छिएकै हो ?

सो कुरालाई मध्यनजर गरी होम आईसोलेशनमा बसेका व्यक्तिको निगरानी तथा हेरचाह गर्न सरकारले स्थानीय तहलाई हरेक टोलमा एउटा समुह गठन गर्न निर्देशन दिएको छ । हरेक समुहले बढीमा ५० घरको निगरानी गर्नु पर्नेछ । कुनै टोलमा ५० भन्दा बढी घर भएमा अर्को समुह गठन गर्नु पर्नेछ । उक्त समुहहरु टोल विकाश समित, क्लव, उपभोक्ता समिति वा गुठी मार्फत सञ्चालन हुनेछन् । सो समुहहरुले सम्पूर्ण प्रगती तथा चुनौती सहितको नियमित प्रतिवेदन वडा अध्यक्षलाई बुझाउनु पर्नेछ ।

स्रोत: https://drive.google.com/file/d/1L4SmmCha-Fzm8FZl9dsJGcDHdX_q-Frd/view



अहिले स्थानीय तहले संकलन गरिरहेको बेरोजगारको सूचिमा नपर्नेले रोजगार कार्यक्रममा सहभागि हुन नपाउने हो ?

हरेक गाउँपालिका तथा नगरपालिकाले आ-आफ्नो क्षेत्रका बेरोजगार व्यक्तिको विवरण सुचिकरण प्रकृयाका सम्पूर्ण चरण पुरा गरीसकेको फारमको विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा अनिवार्य राख्नु पर्नेछ । यसरी सूचिकृत भएका बेरोजगार व्यक्तिको संख्याको आधारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ससर्त अनुदान निकासा गर्नेछ । तसर्थ रोगार कार्यक्रममा सहभागी हुन चाहने व्यक्तिले आ-आफ्नो स्थानीय तहले संकलन गर्ने बेरोजगारको सूचिमा सूचिकृत हुन अनिवार्य छ ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2210

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्




COVID-19
को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,५६,०६७ | १,४१,२१७ | ८६,१८५ | १,३७,८५१ | १,६२,६६२ | १,२२,५७९ | ६०,७५२ | ३२,३१८ |
| नेपाली संक्रमित | ५,२५० | २,१५० | ४५१ | २७,४१२ | ४,५०० | ३०० | ८१ | २७ |
| मृत्यु भएका नेपाली | ८४ | १२ | ३ | १८ | ३९ | १ | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## यूएई, ओमान र कुवेतमा लागु भएका नयाँ नियमहरु

### यूएई

४९ औं नेसनल डे को उपलक्षमा डिसेम्बर २ तारिख देखी लागूहुने गरी सबै प्रकारका ट्राफिक सम्बन्धी जरिवानाहरुमा ५०% छुट दिईने भएको छ । अज्मानमा २३ नोभेम्बर भन्दा पहिले तोकिएका जरिवानाहरु यसमा समावेश हुनेछन् ।

हरेक जाडोको मौषममा फुरेरामा पिक्निक क्याम्पेन लगायतका कार्यहरु हुने गर्दछन् । तर, जाडोयामको सुरुवात भए पनि यो वर्ष यस्ता कर्यक्रमहरु नगर्न भनिएको छ । यदी यस्तो गरेको खण्डमा कारवाही हुनेछ ।

### ओमान

ओमानि रियाललाई अपमान गरेमा र यस्ता कार्य गरी कहिँकतै सामाजिक सञ्जालमा पोष्ट गरेमा अथवा यस्तो गरेको थाहा पाईएमा ५०० ओमानि रियाल (लगभग १ लाख ५० हजार नेपाली रुपैंया) जरीवाना तिर्नु पर्नेछ ।

### कुवेत

नेपालीको लागि कुवेत देखी नेपाल उडानको लागी १४५ केडी भाडादर कायम गरीएको छ ।
डिसेम्बर १० बाट घरेलु कामदारलाई कुवेत फर्काउन सुरु गरिने तयारी भैरहेको जानकारीमा आएको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००


स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा | खर्च भएको रकम



# डिजिटल राईट्स



वर्तमान मानव जीवनका हरेक पाटाहरु जस्तै: स्वास्थ्य शिक्षा तथा व्यवसाय कुनै न कुनै रुपमा ईन्टरनेटसँग जोडिएकाछन् । तसर्थ, ईन्टरनेटसँग जोडिएका मानव अधिकारका हरेक पाटालाई डिजिटल राईट्सको दायरा भित्र राख्न सकिन्छ । हालै आएर ईन्टरनेट एउटा सञ्जाल निर्माण गर्ने महत्वपूर्ण माध्यम बनेको छ । त्यसै गरेर राजनीतिक तथा सामाजिक विषयमा बहस गर्ने सजिलो माध्यम पनि यो बनेको छ । डिजिटल राईट्सको एउटा पाटो व्यक्तिको अभिव्यक्ति स्वतन्त्रतासँग जोडिन्छ भने, अर्को पाटोलाई अनलाईन गोपनियता, ई-गभर्नेन्ससँग पनि जोडेर हेर्न सकिन्छ । यसरी हेर्दा डिजिटल राईट्सको दायरा पनि डिजिटल प्लेटफर्मको बढ्दो प्रयोग र यसको माध्यमबाट हुने अन्तरसम्वादसँगै बढ्दैछ ।

डिजिटल राईट्सलाई सुनिश्चित गर्ने संवैधानिक प्रावधान मध्ये वस्तु तथा सूचनामा पहुँच सम्बन्धी अधिकार, ईन्टरनेटमा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, विद्युतिय माध्यममा गोपनियताको अधिकार, विद्युतिय तथ्यांक संरक्षणको अधिकार (व्यक्तिगत र व्यवसायिक तथ्यांक, सञ्चार सामाग्रीको संरक्षण) र आवद्धताको स्वतन्त्रता (जनसांखिकी, राजनैतीक मुल्य र मान्यता अथवा त्यस्तै खाले समुह मार्फत हुने आवद्धता) लाई केही प्रमुख प्रावधानको रुपमा लिन सकिन्छ ।

### विद्युतिय अधिकार र कोभिड - १९

कोभिड - १९ ले सबै खाले विद्युतिय अधिकार, मानव अधिकार र नागरिक स्वतन्त्रताका मुद्दालाई एकदमै जटिल अवस्थामा पुऱ्याएको छ । सेप्टेम्बर ११ को आतंकवादी आक्रमण अथवा विश्वका विभिन्न देशमा भईरहेका गृह युद्धले राज्य सञ्चालनमा अवरोध पुऱ्याईराखेको हामीले देखिरहेकाछौं । यस्तो अवस्थामा नागरिकले पनि राज्यको नियमनकारी कदमलाई स्विकार गर्दछन् । नेट फ्रिडम अन नेट द्वारा प्रकासित प्रतिवेदनमा पनि कोभिड - १९ महामारीको समयमा राज्यको तर्फबाट देखिएका तिन पवृतीको बारेमा प्रकाश पारिएको छ ।

१. राजनीतिक नेतृत्वले महामारीलाई सार्वजनिक सूचनाको पहुँचका अंकुश लगाउने अवसरको रुपमा लिएकाछन् । कम्तिमा पनि विश्वका १३ वटा देशहरुले ईन्टरनेट सेवा बन्द गरी आफ्ना नागरिकको विद्युतिय अधिकारको हनन् गरेकाछन् ।

२. कोभिड - १९ को बहानामा राज्यले प्रविधिको प्रयोग गरी निगरानी बढाएको छ । कम्तिमा पनि विश्वका ३० वटा देशले आफ्ना नागरिकको निगरानी गर्न दुरसञ्चारको माध्यमबाट ट्यापीङ गर्ने गरेकाछन् ।

३. प्राय सरकारले सिमामा हुनसक्ने सूचना प्रवाहमा रोक लगाउन आफ्नो छुट्टै सूचना प्रविधिको प्रयोग गर्दैछन् । यसरी हेर्दा उनीहरुले साईबर सार्वभौमसत्ताको अवधारणको बारेमा आवाज उठाउन थालिसके ।

फ्रिडम अफ नेट २०२० को प्रतिवेदन अनुसार, कोभिड-१९ ले ईन्टरनेटमा हुने अभिव्यक्ति स्वतन्त्रता र गोपनियताको मुद्दालाई १० वर्ष पछाडी धकेल्नेछ । नेपालमा पनि मोबाईलको माध्यमबाट अवस्थालाई ट्र्याक गर्ने एप्लिकेशनको संख्यामा बृद्धी भईरहेको छ । राज्यका अंगहरु जस्तै: नेपाल प्रहरी, नेपाली सेना र अन्य सरकारी संस्थाले पनि यस्तो प्रविधि अवलम्बन गरेको पाईन्छ । प्रेस काउन्सिलको प्रतिवेदनलाई आधार मान्ने हो भने, गलत र भ्रामक समाचार प्रकाशित गर्ने १७ वटा अनलाईन समाचार माध्यमलाई उसले कारवाही स्वरुप बन्द नै गरिदियो भने ३७ वटा सञ्चार माध्यमसँग स्पष्टिकरण माग गऱ्यो ।

*यो सामाग्री अधिवक्ता सन्तोष सिग्देलसँग गरिएको छलफलको आधारमा तयार गरिएको हो ।*

# बेरोजगारलाई रोजगारीको अन्तिम विकल्प वैदेशिक रोजगार नै हो त ?

ज्वालामुखी गाउँपालिका वडा नम्बर ५ बस्ने ३३ वर्षिया कल्पना तामाङले साधारण लेखपढ मात्र गरेकिछिन् । व्यवसाय गर्न आर्थिक अवस्था पनि कमजोर र जागिर खान पढाई नभएपछि परिवार चलाउन गाह्रो भयो । त्यसमाथि श्रीमानको पनि राम्रो जागिर नभएपछि दुई सन्तानको पढाई लेखाई पनि रोकिने अवस्था आयो । उनको सामुन्ने वैदेशिक रोजगार एउटा विकल्प बाँकी थियो । परिवारको हातमुख जोर्न र सन्तानलाई पढाउने सपना पुरा गर्न उनी २०७१ सालमा वैदेशिक रोजगारीको शिल( शिलामा कुवेत लागिन् ।

हाउस किपिङमा गएकी कल्पनाले सुरुको केही समय सम्झौता अनुसार नै सेवा सुविधा पाईन । तर, १ वर्षपछि भने साहुले बच्चाको हेरचाह राम्रो नगरेको आरोप लगाउने, तलब नदिने गर्न थाल्यो । जसोतसो २ वर्ष ६ महिना कुवेतमा बिताईसके पछि घर फर्किन् । घरको गर्जो टार्न छोराछोरी छोडेर विदेशिएकी कल्पना त्यतीखेर छाँगाबाट खसेझैं भईन, जतिखेर उनी घरपुग्दा श्रीमानले अर्को बिहे गरेको थाहा पाईन् । त्यसपछि उनले गाउँघरमै मेलापात गरेर छोराछोरी हुर्काउने र पढाई लेखाईको लागि खर्च जुटाउने निधो गरिन् । अहिले कल्पनाकी छोरी ७ कक्षामा पढ्दैछिन् भने, कभभ सकेका छोरालाई थप शिक्षदिक्षा दिने सामर्थ्य अब उनीमा छैन । छोरालाई शहरमा काम गर्दै पढ्ने व्यवस्था मिलाईदिन नगुहारेकी पनि हैनन् । तर, कोरोना महामारीले त्यो विकल्प पनि रोकियो ।

अब एउटा बिकल्प फेरी छोरालाई वैदेशिक रोजगारीमा पठाउने हो । तर, कल्पना वैदेशिक रोजगारीमा छोरालाई पठाउन चाहदिनन् । आफ्नो नियती छोराले भोग्नु नपरोस भनेर उनी सतर्क छिन् । स्थानीय सरकारले केही सहयोग गर्छकी भन्ने आश पनि । तर, स्थानीय सरकारले कसलाई रोजगारी दिन्छ ? रोजगारीमा जोडिने प्रकृया के हो कल्पनालाई केही थाहा छैन ।




के सरकारले ल्याउने रोजगार कार्यक्रममा कल्पना जस्ता आर्थिक अवस्था कमजोर भएका बेरोजगारहरु अटाउँदैनन् ? कल्पना जस्ता न्युन आर्थिक अवस्था भएका व्यक्तिले सरकारले दिने भनेको रोजगार कार्यक्रममा जोडिन के गनुपर्ला ?

सही सूचना

# नेपालमा दैनिक परीक्षणको संख्या घट्दै जानु चिन्ताजनक

## नोभेम्बर महिना भरी नेपालमा गरिएको दैनिक पिसिआर परीक्षणको संख्या




माथिको चार्टमा नोभेम्बर महिना भरी नेपालमा गरिएको दैनिक पिसिआर परीक्षणको संख्यालाई देखाईएको छ । विगतमा विभिन्न सञ्चार माध्यममा प्रकाशित भएका तथ्यांकलाई हेर्ने हो भने, परीक्षण गरिएका मध्ये करिब २० प्रतिशतमा कोभिड - १९ को संक्रमण पुष्टि भएको छ । तर, माथिको चार्टमा जम्मा परीक्षणको संख्या केही घटेको देख्न सकिन्छ । नेपालमा कोभिड - १९ को संक्रमण नियन्त्रण गर्न तत्काल दैनिक परीक्षणको दायरा बढाउन जरुरी छ । किन भने, परीक्षण नगरिएका संक्रमितबाट संक्रमण सर्ने जोखिम बढी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs